आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङवेशीरसुवा,

बागमती प्रदेशनेपाल ,

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङवेशी, रसुवा बागमती प्रदेश, नेपाल

## प्रेस बिज्ञप्ती

हालसालै सामाजिक सञ्जाल मार्फत हाम्रो गाउँपालिकाको जिम्मेवार व्यक्तिहरुको नाम, तस्विर र पदलाई समेटेर भ्रष्टाचारीको आरोप लगाएको सामग्री सार्वजनिक भएको कुरा प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

यस सन्दर्भमा हामी स्पष्ट पार्न चाहन्छौ कि हाल सामजिक सञ्जालमा जेन्जीको नाम जोडेर केहि अराजक व्यक्तिहरुबाट पोष्ट गरेको सडक ढलान कार्य यस गाउँपालिकाको आ.व. ०८१।०८२ को बजेटबाट सार्वजनिक खरिद नियमावली अनुसार रु १६८९६३६१.७५ (भ्याट र कन्टिजेन्सी बाहेक) मा बोलपत्र आह्वान गरि नियम अनुसार रु ८८०३६६२।१९ ( भ्याट र पिएस बाहेक) मा सम्झौता भए बमोजिम काम सम्पन्न भएको र उक्त सडक निर्माण स्थानीयको अवरोधको कारण पुरानो सडकमा ढलान कार्य गर्न नदिई सडक छेउमा वाल उठाई माटो फिलिङ गरि ढलान गर्न लगाएको र उक्त स्थानमा जतातत्तै पानीको मूल फुटी जमिन भासिएर सडकलाई क्षति पुगेको र सडक कुनाका घरधनीले नालीमा माटो पुरी अवरोध बनाएको समेत जानकारी गराउँदछौं । उल्लेखित सडक क्षति पश्चात गाउँपालिकाबाट गर्नु पर्ने प्रक्रिया अनुसार सडकको फिल्ड अनुगमन गरि निर्माण कम्पनीलाई क्षति पश्चात कम्पनीले गर्नु पर्ने दायित्व बारे गाउँपालिकाले पत्राचार गरि कम्पनीबाट समेत वर्षात कम भए पछि आफ्नो दायित्व अन्तरगत गर्नुपर्ने काम समयमा नै गर्ने लिखित प्रतिवद्धता समेत प्राप्त भएको र तत्काल अस्थायी सडक बनाई आवतजावतमा सहज बनाउन खोजिएकोमा केहि स्थानियहरुले सडक बनाउन नदिने भनि लिएको अडानको कारण सडक पुनर्निमाणमा ढिलाई भएको स्विकार गर्दछु । त्यसैले उक्त सामाजिक सञ्जालमा प्रकाशित सामग्री आधार रहित, प्रमाण विहिन र भ्रामक छ । यस प्रकारको दुषप्रचारले गाउँपालिकाको छवी , जिम्मेवार जनप्रतिनिधि तथा कर्मचारीहरुको इज्जत प्रतिष्ठा माथि आघात पुर्याउने कार्य भएको छ। गाउँपालिका पारदर्शि, जवाफदेही र सुशासनमा अडिग छ र कुनै पनि आरोप प्रमाण सहित आएमा सम्वन्धित निकाय मार्फत छानविन हुनुपर्ने हाम्रो प्रष्ट धारणा रहेको छ । बिना प्रमाण भएको भ्रमपूर्ण पोष्टले कानुनी कार्वाहीको सामना गर्नु पर्ने हुँदा यस प्रकारको कार्य नगर्न सम्वन्धित सबैलाई अनुरोध गर्न चाहन्छौं ।

गाउँपालिका आफ्ना नागरिकहरुलाई विस्वस्त गराउन चाहन्छ कि यहाँका सबै काम कानुनी प्रावधान अनुसार पारदर्शी ढङगले सञ्चालन भै रहेको अवगत गराउन चाहन्छु । अन्त्यमा, हरेक नागरिकलाई अपिल गर्दछौ, सत्य तथ्यमा आधारित नभएको प्रमाण बिनाको जानकारीलाई विश्वास नगरी सत्य सूचनाको लागि आधकारिक स्रोतबाट मात्र जानकारी लिनु हुन अपिल गर्दछु । अन्त्यमा विना प्रमाण व्यक्तिको चरित्रहत्या गर्ने हुलहरुलाई कानुनी दायरामा ल्याउने चेतावनी दिन चाहन्छु ।

वुचुङ तामाङ
गाउँपालिका अध्यक्ष

मितिः २०८२।६।१६ गते बिहिबार

CamScanner